गल्कोट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

गल्कोट, बागलुङ

गण्डकी प्रदेश, नेपाल

प.स.०८०/८१

च.न.

मिति :२०८०/०४/१०

## कवाडी कर ठेक्का बन्दोबस्त सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मिति : २०८०/०४/१०

गल्कोट नगरपालिका भित्र संकलन हुने कवाडी मालसामानहरुको आर्थिक बर्ष २०८०/८१ मा कवाडी कर संकलन सम्बन्धी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो १५ दिने सूचना प्रकाशन गरिएको छ । उक्त ठेक्का लिन ईच्छुक हुने फर्महरुले तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही २०८० साउन २४ गते दिनको १२ बजेभित्र आईपुग्ने गरी रितपुर्वकको निवेदनका साथ नेपाली नागरकिताको प्रतिलिपि, व्यवसाय दर्ताको प्रमाणपत्र, करचुक्ताको प्रमाणपत्र र अन्य आवश्यक कागजातहरु संलग्न गरी यस कार्यालयमा गोप्य सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

- नियमानुसार लाग्ने कर ठेकेदार / फर्म स्वयंले बुझाउनु पर्नेछ ।
- बोल कवोल गरेको ठेक्का अंकको ५ प्रतिशलते हुने धरौटी रकम यस कार्यालयको नेपाल बैंकमा रहेको धरौटी खाता नं.१२३०३००००३०००००००१ जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ ।
- मुल्य अभिबृद्धि कर (VAT) मा दर्ता भएका फर्मलाइ मात्र कवाडी बन्दो बस्तको कार्यमा सहभागी गराईनेछ ।
- ठेक्का बोलकबोल गरेको रकम एकमुष्ट बुझाएमा १० प्रतिशत छुट दिन सकिनेछ ।
- ठेक्का दरभाउपत्र पेश गर्ने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनको १२ बजेसम्म पेश गर्न सकिनेछ र सोही दिनको २:०० बजे यस कार्यालयमा प्रतिनिधिको रोहबरमा दरभाउपत्र खोलिनेछ ।
- ठेक्का स्वीकृत भएपछि कवोल अंकको ६० प्रतिशत अग्रिम भुक्तानी गर्नुपर्नेछ बांकी रहेको हकमा बैंक ग्यारेन्टी वा सो बराबरको जमानत पेश गर्नुपर्नेछ र सोही आधारमा बांकी रहेको रकम दुई किस्तामा बुझाउनुपर्नेछ ।
- ठेक्का सम्बन्धी अन्य कुरा बुझ्नुपर्ने भएमा कार्यालय समयमा यस कार्यालयमा सम्पर्क गर्न सकिने छ र बोलपत्र फारम यस कार्यालयबाट रु.१००० तिरी खरिद गर्न सकिनेछ ।
- ठेक्का अवधि २०८१ असार मसान्त सम्मको हुनेछ ।
- ठेक्काको न्युनतम अंक. रु.१,२५,०००।-(अक्षरुपी एकलाख पच्चीसहजार मात्र) रहेको छ ।
- ठेक्का स्वीकृत गर्ने नगर्ने अधिकार नगरपालिकामा निहित हुनेछ ।
- यस सूचनामा उल्लेख नभएका विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ ।